AjakoAwaj.Com आजकोआवाज.कम
USNepalOnline.Com
USANepalOnline.Com

# यस्तो पनि हुन्छ नयाँ नेपालमा: एउटा गाउँको बजेट अर्को गाउँलाई

## गाउँलाई सघाउने शिक्षक निस्काशित, गाउँलेहरुले नयाँ स्कुल खोले

बुटवल । काठमाडौं, January 7, 2008 - गाउँलेहरु लठुवा र गाउँका ठालुहरु चन्डाल भए पछि यस्तै हुन्छ। यस्तै एउटा घटना हो-रुपन्देही जिल्लाको रुद्रपुर गाबिस वडा नं. ६ बरङ्गे गाउँमा आउनु पर्ने डेढ लाख रुपैयाँ अर्कै गाउँमा खर्च गरिए पछि बरङ्गेका गाउँलेहरुले १९ दिनसम्म गाबिस कार्यालयको ताला लगाइ दिएका थिए। यो समस्या सुल्झाउन जिबिस प्रमुख त्यहा गएर बरङ्गे गाउँलाई ३ लाख दिने बचन दिए पछि मात्र तालाबन्दी खोलिएको थियो।

तर यो घटना सेलाउन नपाउदै घटनाले अर्को रुप लिन पुग्यो। गाउँलेहरुको जितबाट रन्थनिएका ठालुहरुले बुद्धदिप बोडिंङ हाई स्कुल, रुद्रपुरका शिक्षक शिवकुमार बुढा मगरलाई सो स्कुलको संचालक समितिको बैठक बोलाई बरङ्गे गाउँको तालाबन्दी कार्यक्रममा गाउँलेलाई उकासेको र राजनीति गरेको आरोप लगाउदै निस्काशित गरे।

जब यो घटना बरङ्गे र त्यस वरीपरिका गाउँलेहरुले थाहा पाए, घटनाले अझ नयाँ मोड लिन पुग्यो, जस्को फलस्वरुप अब गाउँलेहरुले उनै निश्काशित शिक्षकलाई साथ लिएर गाउँलेहरुको साझेदारिमा एउटा नयाँ स्कुल खोल्ने निधो गरेकाछन्। -न्यूयोर्कमा प्रथा मगर

हाम्रा काठमाडौंस्थित संपादन सहकर्मी **मेजन पुन मगर**को पुरा रिपोटं तल पढ्नुहोस्

### एउटा घटनाले निम्त्याएको सचेतना

रुपन्देही/रुद्रपुर गा.वि.स. ६, बरङ्गे गाउँमा गा.वि.स.ले विनियोजन गर्नु पर्ने डेढ लाख रुपैयाँ त्यस गाउँको अन्य स्थानमा खर्च गरेपश्चात आदिवासी जनजाति विशेष गरि मगर बाहुल्य भएको ठाउँ भएको हुँदा मगरहरु सक्रिय भएर गा.वि.स भवनमा विरोध स्वरुप १९ दिन सम्म तालाबन्दी गऱ्यो । र, यस समस्याको समाधान गर्न जिल्लाबाट जि.वि.स. प्रमुख आएर छलफल गरि उक्त गाउँमा ३ लाख खर्च गर्न मञ्जुर भए पश्चात गा.वि.स. भवनको ताला खोलियो । यसैक्रममा उक्त १९ दिने आन्दोलनमा सहभागि जनाए वापत बुद्धदीप बोडिङ्ग हाई स्कूल रुद्रपुरका शिक्षक शिवकुमार बुढा (बुढाथोकी) मगरलाई सञ्चालक समितिले निष्काशन गऱ्यो ।

जिल्लाबाट अहिले बरङ्गे गाउँको लागि डेढ लाखसमेत निष्काशन भएको छ । बरङ्गे गाउँमा बसोबास गर्ने स्कूलका शिक्षक शिवकुमार उक्त विरोध आन्दोलनमा हिडेको भन्दै स्कूलबाट निष्काशितमा परे । सुल्भिसकेको गाउँको घटनाले अर्को परिघटना निम्त्यायो । गा.वि.स. भवनको विरोध कार्यक्रममा हिंड्दा स्कूलबाट शिक्षक निष्काशन परेको घटना त्यस ठाउँका आदिवासी जनजाति समाजले थाहा पाए पछि बुद्धदीप बोर्डिङ्ग हाई स्कूलबाट अभिभावकहरुले उक्त स्कूलबाट आफ्नो छोराछोरी निकालेर नयाँ शैक्षिक सत्रमा आफैहरु मिलेर खोलेको रुद्रपुर भूतपूर्व सैनिक पब्लिक इङलिस स्कूलमा भर्ना गर्न थालेका छन् । यस घटनाले गाउँलेहरुलाई आफुहरु मिलेर स्कूल खोल्नु पर्ने रहेछ जसले गर्दा आफै मालिक हुन पाइन्छ भन्ने सचेतना दिएको छ ।

स्कूलका संचालक समिति अध्यक्ष कृष्णबहादुर फौंजा यसो भन्छन्- “यस्तो हेपाहा व्यवहार फेरि फेरि नहोस् भनि हामी सबै गाउँले एक भई रुद्रपुर भूतपूर्व सैनिक पब्लिक इङलिस स्कूल नयाँ वर्षको थालनी सँगै ( वैशाख १) उद्घाटन गर्न तम्तयार मिलाउँदैछौं । अहिले कक्षा ५ सम्मको स्वीकृत लिएर कक्षा ८ सम्म अस्थायी रुपमा पढाउनको लागि जग्गा खरीद गरि भवन निर्माण समेत गरिरहेका छौं।”

नयाँ स्कूल दर्ताको लागि शिक्षक शिवकुमार बुढाथोकी मगर नै सक्रिय भई स्कूललाई कम्पनी रजिष्टारको कार्यालयमा दर्ता गर्न काठमाडौं आउँदा यो संवाददातासंगको भेटमा भन्छन् “हामी आदिवासी जनजाति समाजका यूवाहरु कि विदेशतिर जान तयार हुन्छौं होइन भने पढेर सक्षम हुँदाहुँदै पनि अरुको अधिनमा रहेर नोकरी गर्छौं । तर माथिको घटनाले हामीलाई सचेत बनाया, त्यसैले अहिले हामी सबै आदिवासी जनजाति मिलेर यस क्षेत्रमा नौलो कार्य गर्न थालेका छौं । यसको लागि सबै आदिवासी जनजातिले साथ दिए स्कूलमा लगानी गर्दै भोलि हामी नै यसको मालिक भई हाम्रो सन्ततिलाई शिक्षा र रोजगार दिन सक्षम हुने छौं। यसले हाम्रो समाजमा व्यवसायिक रुपमा कार्य गर्न प्रेरित समेत गर्ने छ ।”